जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday
@gmail.com

बर्ष ११ • अंक ४० • २०८० मंसिर १७ गते आईतवार • 3 Dec. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## महेन्द्रनगरमा रक्तदान कार्यक्रम सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १६ मंसिर**



प्याब्सन नगर इकाई समिति क्षिरेश्वरनाथ नगरपालिका धनुषाको आयोजना, ब्लड फर नेपालको समन्वय र नेपाल रेडक्रस सोसाइटी जनकपुरधामको प्राविधिक सहयोगमा महेन्द्रनगरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

धनुषाको क्षिरेश्वरनाथ नगरपालिका महेन्द्रनगर हनुमान चौकमा आयोजना गरिएको रक्तदान कार्यक्रममा ३१ जना पुरुष र १ महिला गरी जम्मा ३२ जना व्यक्तिले रक्तदान गरेका छन्। प्याब्सन नगर इकाई समिति क्षिरेश्वरनाथ नगरपालिका धनुषाको अध्यक्ष सुजित कापरीले विपद् परेको बेला र देशमा कुनै पनि बेला प्राकृतिक प्रकोपले निम्ताएको समस्यालेरु मानवलाई रगतको आवश्यक परेको हुँदा रक्तदान कार्यक्रम आयोजना गरिएको बताए। यस्तै ब्लड फर नेपालका सदस्य जयकृष्ण महतोले रगत अभावका कारण कुनै पनि व्यक्तिले ज्यान नगुमाउन नपरोस् भनेर रक्तदान कार्यक्रम गरेको बताए।

## चारतारे मापदण्डको गौतम होटलको उद्घाटन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १६ मंसिर**



धनुषाको लालगढमा चारतारे मापदण्डको गौतम होटलको शनिबार उद्घाटन हुने भएको छ। पूर्वपश्चिम राजमार्गसँग जोडिएको लालगढमा करिब एक बिघा क्षेत्रफलमा ५० करोड रुपियाँको लागतमा सो चारतारे होटल निर्माण गरिएको छ।

युवा उद्यमी तथा होटल व्यवसायी हिरा गौतमले 'समय सापेक्ष बदलिदो सोच, गौतम होटलको नविनतम अठोट' भन्ने भावका साथ विश्वस्तरको सुविधा सम्पन्न होटल निर्माण गर्नुभएको छ। हरियाली एवम् रमणीय वातावरणयुक्त स्थानमा निर्माण भएको यस होटलमा १५० जनासम्म बसोबास गर्न मिल्ने छन्। होटलमा स्वीमिङग पुल, बगैंचा, फिटनेस सेन्टर, स्टिम बाथ र पर्याप्त पार्किङको स्थान छन्। यसलगायत होटलमा सभा सम्मेलन र गोष्ठीका लागि विभिन्न कक्षहरु रहेका छन्।

## हत्या गर्ने धम्की दिइरहेका एक व्यक्ति कटुवा पेस्तोलसहित पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १६ मंसिर**



धनुषामा श्रीमतीलाई कुटपिट गरी हत्या गर्ने धम्की दिइरहेका एक व्यक्ति कटुवा पेस्तोलसहित पक्राउ परेका छन्। पक्राउ पर्नेमा सबैला नगरपालिका ८ ठिल्ला बस्ने ५१ वर्षीय रामईश्वर ठाकुर छन्।

धनुषा प्रहरीका अनुसार ठाकुरले आज साँझ साढे ५ बजेको समयमा आफ्नै श्रीमती ५० वर्षीया रामकाशी देवी ठाकुरलाई कुटपिट गर्ने र हतियार देखाई ज्यान मार्ने धम्की दिइरहेका थिए। सूचना पाएपछि इलाका प्रहरी कार्यालय सबैला धनुषाबाट पुगेको प्रहरी टोलीले उनको शरीर तथा घर खानतलासी गर्दा ९ इन्च लम्बाई भएको कटुवा पेस्तोल बरामद गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

उनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

## एक विघा खेतमा लगाएको अवैध गाजा खेती फडानी

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १६ मंसिर**



महोत्तरी प्रहरीले एक विघा खेतमा लगाएको अवैध गाजा खेती फडानी गरेको छ। शनिबार एकडारा गाउँपालिका वडा नं. ३ अजमरपट्टी र वडा नं. ५ बहेरा स्थित खेतबारीमा लगाइएको अवैध गाँजा खेती प्रहरीले नष्ट गरेको हो।

जिल्ला प्रहरी कार्यालय महमोत्तरीबाट गएको २५ जना प्रहरीको टोलीले २० कट्ठामा लगाइएको गाँजाको ३० हजार बोट फडानी गरेको प्रहरी प्रवक्ता दिलीपकुमार गिरीले जानकारी दिए। फडानी गरिएको गाँजा जलेश्वर नगरपालिका वडा नं. १ स्थित मनिपाल एजुकेशन एण्ड मेडिकल ग्रुप नेपाल प्रा.लि. को कम्पाउण्डको खाली चौरमा ल्याएर स्थानीय जनप्रतिनिधि तथा भरभलादमीको उपस्थितिमा नष्ट गरेको डिएसपी गिरिले बताए। गाँजा खेती कसकसले गरेका हुन् भन्ने अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।









## सम्पादकीय ...

# लोकतन्त्रको स्थायित्वमा राजतन्त्र बाधक

*नेपालमा राजतन्त्रको लामो इतिहास छ। विभिन्न कालखण्डमा अनेकौं राजाले शासन गरे । त्यतिबेला ससाना जनपदीय राजाहरूले शासन गरेका इतिहास छ । मध्यकालमा आएर पश्चिमका बाइसी-चौबिसी, पूर्वमा पाल्पा, मकवानपुर, विजयपुर, भक्तपुर, ललितपुर, कान्तिपुर राज्यहरूका साथै तिरहुतका शक्तिशाली राज्य सिमरौनगढ थिए। गोरखा राज्यका राजा पृथ्वीनारायण शाहले ती सबै राज्यलाई अठारौं शताब्दीमा जिती विशाल नेपाल अधिराज्य स्थापना गरे। त्यसपश्चात् शाहवंशीय राजाहरूको एकछत्र राज्य सुरु भयो ।*

*वि.सं १९०३ मा कोतपर्वपश्चात् जङ्गबहादुर राणा सर्वशक्ति भई प्रधानमन्त्री भए । वि.सं.१९१३ मा जङ्गबहादुरले राजा सुरेन्द्रवीर विक्रम शाहबाट पञ्चापत्र लिई सम्पूर्ण कार्यकारी अधिकार आफ्नो हातमा लिए । राजा दरबारभित्र आलिङ्गारी रूपमा गद्दीसीन भई मात्र बसिरहे । राणातन्त्रले एक शताब्दीसम्म निरङ्कुश राज्य गरी जनतालाई दास बनाइराखे । २००७ सालमा जनक्रान्तिद्वारा राणातन्त्र समाप्त भई प्रजातन्त्र प्रार्दुभाव भयो । दिल्ली भागेका राजा त्रिभुवनलाई जनक्रान्तिले पुनः गद्दीसीन गराए ।*

*सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गरी राजतन्त्रको पक्षमा रहेका समूहको मोह भङ्ग गरी मूलधारमा ल्याउन आवश्यक छ । गणतन्त्र बलियो बनाउन जनआकाङ्क्षालाई सम्बोधन गर्न अब ढिलाइ गर्नु हुँदैन । सङ्घ, प्रदेश र स्थानीय निकायलाई अधिकार प्रत्यायोजन गरी जनआन्दोलन, माओवादीको सशस्त्र सङ्घर्ष र मधेश आन्दोलनमा सहिद र घाइते भएका असहाय परिवारलाई सत्य निरुपण तथा मेलमिलाप आयोगबाट न्याय र क्षतिपूर्ति दिलाउने काम अविलम्ब कार्यान्वयन गर्नु पर्छ । साथै संविधान संशोधन गरी तराई मधेशलगायतका क्षेत्र, वर्ग र समूहलाई सम्बोधन गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउनु परेको छ। कुनै पनि राजनीतिक व्यवस्था पूर्ण हुँदैन। केही न केही कमजोरी हुनु स्वाभाविक हो । लोकतन्त्रको विकल्प अझ सुधारिएको लोकतन्त्र नै हो ।*

# सचेत हुन आम नागरिकमा अनुरोध




**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १६ मंसिर**

नेपाल प्रहरीले सामानको अग्रिम अनलाइन भुक्तानी गर्न लगाई डेलिभरी नगराई ठगी गर्ने गिरोह सक्रिय भएको भन्दै सचेत हुन आम नागरिकमा अनुरोध गरेको छ।

प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक (डिआईजी) कुवेर कडायतले विभिन्न क्षेत्रबाट यस्ता घटना भएको भन्दै उजुरी पर्न थालेकाले यकिन गरेर मात्रै सामानको भुक्तानी दिन आग्रह गरे । प्रहरीले भनेको छ, 'पछिल्लो समय सामाजिक सञ्जालको माध्यमबाट सस्तोमा सामानको विज्ञापन राखी अग्रिम भुक्तानी गर्न लगाई पैसा लिने र डेलिभरी नगरी ग्राहकका अकाउन्टलाई ब्लक गरी ठगी गर्ने क्रियाकलापसम्बन्धी गुनासो बढिरहेको छ। त्यसैले सामाजिक सञ्जालमार्फत कारोबार गर्दा सम्बन्धित पेज/अकाउन्ट आधिकारिक हो वा होइन यकिन गरेरमात्र कारोबार गर्नुपर्छ ।' प्रहरीले यस्ता ठगीका सम्बन्धमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, मीनभवन वा नजिकको जिल्ला प्रहरी कार्यालयमा सप्रमाण निवेदन दिन पनि अनुरोध गरेको छ। पछिल्लो समयमा अनलाइन कारोबार फस्टाएर ग्राहकलाई सजिलो बनाए पनि त्यसबाट विकृति भने बढ्दो छ। आकर्षक सामान देखाएर प्रलोभनमा पारी ग्राहकको मन तान्ने र सामान अर्डर गरेर घर आइपुग्दा कमसल मल प्राप्त हुने गरेको गुनासो यसअघि पटकपटक सार्वजनिक भइसकेको छ।

# प्राकृतिक तथा अप्राकृतिक विपत्तिमा सबैभन्दा पहिले निर्णय लिने र नेतृत्व गर्ने पार्टी नै कांग्रेस



**जलेश्वरटुडे समाचारदाता**
**बुटवल, १६ मंसिर**

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले देशमा प्राकृतिक तथा अप्राकृतिक विपत्तिमा सबैभन्दा पहिले निर्णय लिने र नेतृत्व गर्ने पार्टी नै कांग्रेस भएको बताएका छन्।

बुटवलमा जारी कांग्रेसको प्रथम प्रदेश सम्मेलनलाई सम्बोधन गर्दै महामन्त्री शर्माले यतिबेला कर्णाली रोइरहेको भन्दै त्यहाँका जनता भूकम्पले घरबारविहीन बनाएको अवस्था रहेकाले चिसोले मारमा परेका बेला लुम्बिनीको प्रथम प्रदेश सम्मेलनको बन्द सत्रले कर्णालीलाई मल्हम लगाउने गरी सम्बोधन गर्न प्रेरित होस् भन्ने कामना गरे । समस्यालाई समाधान गर्न सक्ने सामर्थ्य नेपाली कांग्रेससँग भएको भन्दै उनले त्यो तागतका साथ पार्टीलाई बलियो बनाएर लैजाने नीति र पद्धतिलाई अबलम्वन गर्न जरुरी रहेको बताए । उनले नेपालको संविधान कुनै तत्वले ड्राफ्ट गरेर निर्माण नगरेको भन्दै जनताले निर्वाचित गराएका जनप्रतिनिधिहरुले बनाएको संविधानलाई पूर्णता दिन संविधानबारे स्थानीय तहसम्म बुझाउनुपर्ने जनाए। उनले हिजो हिंसात्मक अवस्था भएको, बम बारुदले नागरिकको हत्या र भौतिक संरचना ध्वस्त हुँदै गएको आज १५ वर्ष नाघेको भन्दै त्यो अवस्थालाई शान्ति ल्याउन नेपाली कांग्रेसले नै योगदान गरेको दाबी गरे। उनले परिवर्तन भएको छैन भन्ने कुरालाई चिर्दै तत्कालीन समयभन्दा आज संघीयतासम्म आउँदा खानेपानी, सडक, विद्युत्, शिक्षा र स्वास्थ्य लगायत संरचनाहरुमा अधिकांश विकसित भएको तथ्यांकसमेत प्रस्तुत गरेका थिए। तर उनले बनाइएका संरचनाहरु सबै बलियो छ भन्ने कुरा आफूले नभन्ने भन्दै त्यसलाई थप मजबुत बनाउन गम्भीररुपमा लाग्नुपर्ने सुझाए। उनले 'हिजो हामी जहाँ छौं, आज त्यहाँ छैनौं। कुनै पनि विकसित देशहरुले हाम्रो देश विकसित भयो भनेर नभनेको' बताउँदै बर्सेनि नेपालमा भूगोललगायत सबै क्षेत्रको विकास क्रमबद्ध रुपमा भइरहेको जनाए। नागरिकसँग राजनीतिक दलको धारणाप्रति टुट्दै गएको विश्वासलाई अब कसरी जनजनमा बुझाउने र देखाउने भनेर तयारी हुन पार्टीपंक्तिले ध्यान दिनुपर्ने महामन्त्री शर्माले बताए। कांग्रेस मिसन-०८४ भन्दै नहिड्ने जनाउँदै के हो मिसन-०८४ ? भन्दै प्रश्न गरे। उनले रवि लामिछानेदेखि केपी शर्मा ओलीलाई तपाईहरु कस्तो खालको मिसन-०८४ चलाउँदै हुनुहुन्छ ? भन्ने प्रश्न गर्दै कुन प्रणाली ल्याउन मिसन चलाउँदै हुनुहुन्छ काम गरेर देखाउने समय अझ धेरै छ भने।




जलेश्वर नगरपालिकाको कार्यालय, महोत्तरी

## तपाईको टुडे

मेष: खानपानमा समस्या आउने

वृष: अशुभ समाचार प्राप्त हुने

मिथुन: मनमा पछुतो आउने

कर्कट: पिछडेको साथी मिल्ने

सिंह: मित्रतामा फाटो आउने

कन्या: लामो यात्राको योग छ

तुला: पढाईमा ध्यान दिनुपर्ने

वृश्चिक: विचार गरेर बोल्नुहोला

धनु: अनावश्यक चिन्ता

मकर: अनावश्यक खर्चको संभावना

कुम्भ: शुभ कार्यको शुरुवात

मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनवाञ्छित फल पाऔं ।




आरती : बिहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको बिचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

## इमरान खानको पार्टीको नयाँ अध्यक्ष बने ब्यारिस्टर खान

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ मंसिर**



पाकिस्तान तहरीक-ए-इन्साफ पार्टीको नयाँ अध्यक्षमा ब्यारिस्टर गौहर अली खान निर्विरोध निर्वाचित भएका छन् । उनलाई जेलमा रहेका पाकिस्तानका पूर्व प्रधानमन्त्री तथा पार्टीका पूर्व अध्यक्ष इमरान खानले मनोनयन गरेका थिए । हाल इमरान खान रावलपिंडीको अदियाला जेलमा छन्।

अध्यक्षमा निर्वाचित भएपछि गौहर अली खानले भने, 'म पदमा रहेसम्म इमरान खानको प्रतिनिधित्व गर्नेछु।' उनले इमरान खान आजीवन पीटीआईको अध्यक्ष थिए, छन् र रहने बताएका छन् । गौहरले अध्यक्ष पद आफूसँग नासोको रूपमा रहेको र इमरान खान जेलबाट बाहिर आउनेबित्तिकै आफूले हस्तान्तरण गर्ने बताए। इमरान खान लामो समयदेखि जेलमा रहेकाले यसअघि निर्वाचन आयोगले पार्टीलाई अध्यक्ष पदका लागि निर्वाचन गराउन २० दिनको समय दिएको थियो।

## धमाकेदार ओपनिङबिच एनिमलका निर्मातालाई ठूलो झट्का

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ मंसिर**



रणवीर कपूरको बहुप्रतिक्षित फिल्म 'एनिमल' शुक्रबार डिसेम्बर १ मा सिनेमाघरमा रिलिज भएको छ। 'एनिमल'को बम्पर ओपनिङसँगै निर्मातालाई ठूलो झट्का लागेको छ। फिल्मले रिलिजको पहिलो दिन बम्पर कलेक्सन गरेको छ।

तर यो खुसीको बिचमा निर्मातालाई ठूलो झट्का लागेको छ । मिडिया रिपोर्टका अनुसार फिल्म 'एनिमल' रिलिज भएको २४ घण्टाभन्दा कम समयमै अनलाइन लिक भएको छ। यस्तो अवस्थामा यसको आम्दानीमा असर पर्ने सम्भावना छ। ई-टाइम्सको रिपोर्टका अनुसार 'एनिमल' रिलिज भएको केही घण्टामै फुल एचडी प्रिन्टमा अनलाइन लिक भएको छ। यो चलचित्र टोरेन्ट वेबसाइटहरूमा निःशुल्क डाउनलोड गर्न उपलब्ध छ। फिल्मलाई नियमित फर्वार्डजस्तै व्हाट्सएपमा पनि सेयर गरिएको मनोरञ्जन पोर्टलको दाबी छ। यद्यपि 'एनिमल' मात्र होइन, विक्की कौशलको साम बहादुर पनि रिलिज भएको केही घण्टामै अनलाइन लिक भएको छ। सन्दीप रेड्डी वांगाले निर्देशन गरेको फिल्म 'एनिमल' मा रणवीर र रश्मिका मन्दानाले मुख्य भूमिका निर्वाह गरेका छन् । यो फिल्ममा दुवैले पहिलो पटक स्क्रिन सेयर गरेका छन् । फिल्ममा बबी देओल, अनिल कपूर र तृप्ति डिमरी लगायतका कलाकारले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। फिल्मको कथा बाबु र छोराबिचको विषाक्त सम्बन्धको वरिपरि घुमेको छ। यो चलचित्रले ओपनिङ दिनमै दर्शकको राम्रो प्रतिक्रिया पाएको छ।

## सातामा सामान्य अङ्कले घट्यो नेप्से, कारोबार रकममा वृद्धि

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ मंसिर**




यो साता नेपाल स्टक एक्सचेञ्ज (नेप्से)मा सामान्य गिरावट आएको छ । साताको पहिलो कारोबार दिन नै उच्च अङ्कले बढेको नेप्से परिसूचक त्यसपछि भने लगातार घट्यो । नेप्समा आइतबार एकै दिन ४७ अङ्कको वृद्धि आएको थियो ।

त्यसयता भने सोमबार ११ अङ्कले घटेको नेप्से मंगलबार २ अङ्कले घट्यो । यस्तै, बुधबार १७.९३ अङ्कले र बिहीबार १८.०६ अङ्कले नेप्से सूचक घटेको थियो। आइतबार १८ सय ६० अङ्कबाट बजारको कारोबार सुरु भएको थियो । जुन, बिहीबार १८ सय ५८ अङ्कमा आएर रोकिएको हो। परिसूचकमा सामान्य गिरावट आए पनि कारोबार रकम भने गत साताको तुलनामा बढेको छ ।

यो साता नेप्समा कूल साढे ७ अर्ब रुपैयाँ बराबरको कारोबार भएको छ । जुन, अघिल्लो साताको तुलनामा ३ अर्ब २ करोड रुपैयाँले बढी हो । अघिल्लो साता नेप्सेमा ४ अर्ब ४८ करोड रुपैयाँको कारोबार भएको थियो । कारोबार रकम बढे पनि यो साता नेप्सेको कूल बजार पुँजीकरण भने घटेको छ। साताभरमा बजार पुँजीकरण २ अर्ब घटेर २८ खर्ब ६५ अर्ब रुपैयाँ कायम भएको छ । गत साता नेप्सेको बजार पुँजीकरण २८ खर्ब ६८ अर्ब रुपैयाँ थियो ।

## एनएसएलमा अन्तिम समयमा गोल गर्दै झापाले टार्‍यो हार



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ मंसिर**

नेपाल सुपर लिग (एनएसएल) मा झापा एफसीले पोखरा थन्डर्ससँगको हार टारेको छ। शनिबार दशरथ रंगशालामा भएको खेलमा झापाले अन्तिम समयमा गोल फर्काएर हार टारेको हो । खेलमा पोखराले १९ औं मिनेटमा मोसेस ग्याबहको गोलमा अग्रता लिएको थियो। जोय एड्डले डी बक्सभन्दा धेरै बाहिरबाट दिएको पास मोसेले १२ यार्डबाट हेडमार्फत प्रहार गरेका थिए जसलाई झापाका गोलकिपर स्टेफनले रोक्न सकेनन् ।

तर खेलको ९० मिनेटपछि थपिएको ८ मिनेटको अन्तिम समयमा झापाका समादर ओचिलोभले गोल गरेर खेल बराबरीमा ल्याएका थिए। शनिबारको खेल बराबरीपछि झापाले एनएसएलमा एक अंक जोडेको छ। पहिलो खेल जितेको पोखराले भने ४ अंक बनाएको छ । शनिबारको खेलको ९० औं मिनेटमा कमलबहादुर थापाले रातो कार्ड पाएपछि पोखरा १० खेलाडीमा सीमित भएको थियो। खेलको अन्तिम समयमा पोखराका प्रशिक्षक नविन न्यौपानेले पनि रातो कार्ड पाए। खेलको म्यान अफ दि म्याच पोखराका सुरजज्यू ठकुरी घोषित भए । उनले ३० हजार रुपैयाँ पुरस्कार पाए। शनिबारको खेलमा फ्यान अफ द म्याचका रुपमा दर्शकलाई पनि पुरस्कृत गरिएको छ। कमल प्रसाद निरौलाले ५ हजार पुरस्कार पाए।




मनरा शिसवा नगरपालिकाको कार्यालय, महोत्तरी

कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी



# जसले गल्ती गरे पनि राष्ट्र बैंकलाई दोष दिइन्छ, यो गलत छ

- अर्थतन्त्रको सन्दर्भमा हाम्रा विविध धारणा बाहिर आइरहेका छन्। यसमा पनि नकारात्मक कुरालाई बढी प्राथमिकता दिने र भएको विषयलाई प्रयोग गर्ने गरिएको छैन। सँगै आफ्नो काम, आफ्नो धर्म नगर्ने र अरुले गरिरहेको कामलाई व्यापक टिप्पणी गर्ने आम नेपालीको विशेषता जस्तै भइसकेको छ। मेरो अनुरोध छ, पहिले सबैले आफ्नो-आफ्नो काम गरौं। हामी सबैलाई थाहा छ, हाम्रो अर्थतन्त्र संरचनात्मक हिसावले समस्यामा छ। रेमिट्यान्सबाट रकम आउँछ, त्यो रकमले आयात गर्छौं, त्यही आयातले हामी उपभोग गर्छौं, त्यही आयातमा कर लगाएर हामी राज्य चलाउँछौं र आन्तरिक उत्पादनलाई बेवास्ता गर्छौं।

कैयौं नीतिगत व्यवस्था आन्तरिक उत्पादन बढाउन प्रयास नभएको होइन, तर त्यो दिशामा प्रचुर मात्रामा काम गर्न सकिएको छैन। बरु कुरा आउँछ, अर्थमन्त्री र गभर्नरको सम्बन्ध, वित्त र मौद्रिक नीतिको सम्बन्ध। हाम्रो सम्बन्धमा कुनै खोट, अप्ठ्यारो केही पनि छैन। बजेटमा उल्लेख भएको कुन कुरा राष्ट्र बैंकले सम्बोधन गरेन ? कुन कुरा मौद्रिक नीतिले वा बैकिङ क्षेत्रले सम्बोधन गरेन ? कुन कुरामा समस्या छ ? राष्ट्र बैंकको मौद्रिक नीतिलाई राज्यको तर्फबाट कहाँनिर सहयोग भएन ? यो मैले कतै पनि अनुभव गरेको छैन। जब मलाई अनुभव छैन भने, रमाइलोका लागि लेखेर के अर्थ ? समग्र अर्थतन्त्रलाई केलाउँदा अर्थतन्त्रका चार वटै क्षेत्रमा नराम्रो अवस्था देखिँदैन। वित्त क्षेत्रमा गत वर्ष र यो वर्ष केही समस्या देखिएको हो तर यो पनि नियन्त्रण भित्रै छ। समग्र आर्थिक क्षेत्रमध्ये मौद्रिक र बैकिङ क्षेत्रको स्थायित्व दिगो आर्थिक विकासका लागि अपरिहार्य हुन्छ। यसमा हामी दत्तचित्त छौं। इन्डिकेटरले पनि त्यो देखाएको छ। आर्थिक शिथिलताका कारण एमपीएमा केही समस्या देखिएको छ। कर्जाको गुणस्तरमा केही खस्किएको छ। त्यसकारण राष्ट्र बैंकले केही कसिलो नीति पनि लिएको छ। आज नकस्ने हो भने भोलि अप्ठ्यारो पर्न सक्छ। नाफातिर, लाभांश वितरणमा धेरै जोड दिनु हुँदैन। यस्तो बेला संस्थाको सुरक्षा महत्वपूर्ण हो। त्यसकारण हामीले 'प्रोभिजनिङ'मा कडाइ गरेका छौं। कोभिड-१९ का बेला हेर्न नभ्याइरहेका कुरा अहिले हेर्न भ्याइरहेका छौं। त्यसअर्थमा एमपीए बढेको अवस्था देखिएको हो। यसो हुनमा नियामककारी निकायको सक्रियताको समेत भूमिका रहेको छ। अर्कोतर्फ बजारमा देखिएको शिथिलताले समेत काम गरेको छ। शिथिलताका बावजुत एमपीएमा दक्षिण एसियामा हामी धेरै तल छौं। यो महत्वपूर्ण विषय हो। यस अर्थमा बैकिङ सिस्टम सुरक्षित छ। नागरिकको विश्वासमा छ। मैले कति ऋण लिनुपर्ने हो, मेरो व्यवसायको आकार कत्रो हो, आफ्नो घाँटीको आकार नहेरी हड्डी निल्न खोज्नुहुन्छ। अनि अड्कियो भनेर समस्या चाहिँ राज्यलाई, राष्ट्र बैंकलाई थोपर्नुहुन्छ। यो गलत छ। दोस्रो क्षेत्र बाह्य क्षेत्र, ऐतिहासिक रुपमा उच्च विदेशी मुद्राको सञ्चितिमा छौं।१०.३ महिनाको वस्तु र सेवा आयात र १२ महिनाभन्दा बढीको वस्तु आयात गर्ने क्षमता हामीसँग छ। कात्तिकको तथ्यांक आइसकेको छैन। तर अरु विभिन्न क्षेत्रका तथ्यांक अनुसार यो तत्काल घट्ने अवस्था छैन। यो निकै सहजता विषय हो। राज्यको कुनै पनि अंगले काम गर्न खोज्दा, निजी क्षेत्रले कुनै पनि योजना अघि बढाउन खोज्दा हामीलाई विदेशी मुद्रा पुग्दैन कि, पाइँदैन कि, केन्द्रीय बैंकले दिँदैन कि ? भन्ने खालको कन्जुस्याइँ गर्नुपर्ने अवस्था छैन। यो हाम्रो तागत हो, यसको प्रयोग गर्न सक्नुपर्छ।

तेस्रो वास्तविक क्षेत्र हो। कतिपयले मनोवर गिरेको सन्दर्भ निकाल्ने गर्नु भएको छ। मनोबल गिरेको र कारोबार गर्न अप्ठ्यारो परेको बताउने गर्नु भएको छ। पछिल्लो समय पर्यटनमा राम्रो उपलब्धि भएको छ। व्यक्तिगत रुपमा कतिपय व्यवसायीलाई अप्ठ्यारो परेको छ। यसमा रिपेमेन्टको समस्या छ भन्नु भएको छ। कतिपय व्यवसायी साथी, जो ऋण लिनुहुन्छ, तर आफ्नो योजना राम्रोसँग बनाउनु हुँदैन। मैले कति ऋण लिनुपर्ने हो, मेरो व्यवसायको आकार कत्रो हो, आफ्नो घाँटीको आकार नहेरी हड्डी निल्न खोज्नुहुन्छ। अनि अड्कियो भनेर समस्या चाहिँ राज्यलाई, राष्ट्र बैंकलाई थोपर्नुहुन्छ। यो गलत छ। ऋण मात्रै सबै कुरा होइन, ऋणको हिस्सा कति हो, ब्याजले कति असर गर्छ, व्यवसायको कुल लागतमा उसको कच्चा पदार्थको लागत कति हो ? श्रमको लागत कति हो ? ब्याजको लागत कति हो ? उद्योग र क्षेत्रअनुसार यसको विश्लेषण गर्नुपर्छ। अहिले पनि ठूला व्यवसायीले साढे ६ प्रतिशत हाराहारी ब्याजदरमै ऋण लिनु भएको छ। दर निश्चित छ। कतिपयको ३ वर्ष अगाडि फिक्स गरेको रेट, साढे ६ प्रतिशतको रेटमा अहिले पनि रमाइरहनु भएको छ। ८ प्रतिशत, ९ प्रतिशतमा लिने त थुप्रै व्यवसायी हुनुहुन्छ, जसले पहिले नै लक गर्नुभएको छ, फिक्स गर्नु भएको छ। बजारमा हौवा फैलाउने हिसाबले नचाहिँदो कुरा गर्न भएन। लिँदै नलिएको कुरा लियो भनेर बजारलाई अनावश्यक रुपमा अराजकता फैलाउनेलाई प्रोत्साहित गर्ने गरी हामीले बोलिरहेका छौं, जुन कुरा गलत छ। तथ्य के हो, त्यो हेर्नु पर्‍यो। अहिले बैंकहरुको बेस रेट १० प्रतिशत अथवा पौने १० प्रतिशत भइरहँदा पनि साढे ६, ७/८ प्रतिशत ब्याजमै ऋण लिने व्यवसायीहरु पनि हुनुहुन्छ। तर, कतिपय साथिहरु नेताज्यु कहाँ जानुहुन्छ, यहाँ भाषण गर्दा भन्नुहुन्छ, बैंकले १८ प्रतिशत ब्याज लिइरहेको छ। म उहाँहरुलाई आह्वान गर्न चाहन्छु, यदि वाणिज्य बैंकले १८ प्रतिशत, १६ प्रतिशत ब्याज लिइरहेको छ भने त्यो स्टेटमेन्ट लिएर आउनुस् राष्ट्र बैंकमा। हामीसँग गुनासो सुन्ने इकाई छ, डेडिकेटेड कन्जुमर प्रोटेक्सन डिभिजन छ, त्यसले हेर्छ। हामी बढी लिएको ब्याज फिर्ता गराउँछौं। गत सालमात्रै हामीले बैंकहरुले लिएको अतिरिक्त प्रिमियम ४ अर्ब ७६ करोड रुपैयाँ फिर्ता गरायौं।तर, बजारमा हौवा फैलाउने हिसाबले नचाहिँदो कुरा गर्न भएन। लिँदै नलिएको कुरा लियो भनेर बजारलाई अनावश्यक रुपमा अराजकता फैलाउनेलाई प्रोत्साहित गर्ने गरी हामीले बोलिरहेका छौं, जुन कुरा गलत छ। तथ्य के हो, त्यो हेर्नु पर्‍यो।



**साभार: अनलाईन खबर।**


## कम्प्यूटर टाईप-प्रिन्ट



सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाईप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागी सम्भनुहोस ।

-: दिलीप कुमार साह :-

सम्पर्क नं.-९८४०५१४८७, ९८१७६२०२०२ (जनकपुरधाम, माछा बजार)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला






रामगोपालपुर नगरपालिकाको कार्यालय, महोत्तरी


# स्कुल बसको ठक्करबाट २ जनाको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**रुपन्देही, १६ मंसिर**

रुपन्देहीमा स्कुल बसको ठक्करबाट २ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा मोटरसाइकलमा सवार लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नम्बर ४ का २१ वर्षीय मोहम्मद इर्साद र २१ वर्षीया रुक्सना खातुन छन्।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रवक्ता डीएसपी मनोहर भट्टका अनुसार लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नम्बर ४ महुवारीमा बिहान सिद्धार्थ बोर्डिङ स्कूलको लु १ क १७७८ नम्बरको बसले लु ३७ प ८४८२ नम्बरको मोटरसाइकललाई पछाडिबाट ठक्कर दिँदा उक्त दुर्घटना भएको हो। बसको ठक्करबाट मोटरसाइकलमा सवार दुबैजनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा परी २० वर्षीया अप्सरा खातुन गम्भीर घाइते भएकी छन्। घाइतेको भैरहवामा उपचार भइरहेको छ। घटना विषयमा थप अनुसन्धान भइरहेको प्रहरी जनाएको छ। घटनापछि स्थानीयले बस जलाएका छन्।







बलवा नगरपालिकाको कार्यालय, महोत्तरी


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday